# एम्नेस्टी इन्टरनेसनल नेपाल
# प्रेस वक्तव्य

१२ असोज २०७१

## नेपालः नन्दप्रसाद अधिकारीको निधनले न्याय सुनिश्चित गर्ने कुरामा राज्यसंयन्त्रको अनास्था पुनः पुष्टि

आफ्नो छोराको हत्याको घटनामा न्यायको माग गर्दै आमरण अनसनमा रहनुभएका नन्दप्रसाद अधिकारीको हालै भएको दुःखद निधनले द्वन्द्वकालमा भएका गम्भीर मानवअधिकार हनन्का घटनाहरुमा न्याय सुनिश्चित गर्नु पर्ने जिम्मेवारी पूरा गर्न नेपालको राज्यसंयन्त्र असफल रहेको कुरा फेरि पनि पुष्टि गरेको कुरा एम्नेस्टी इन्टरनेसनलले जनाएको छ ।

गोरखाका नन्दप्रसाद अधिकारीको २०७१ असोज ६ गते वीर अस्पतालमा निधन भएको थियो । वहाँ आफ्नो छोरा कृष्णप्रसाद अधिकारीको २०६१ सालमा गरिएको हत्याको घटना छानवीनको माग गर्दै श्रीमती गंगामायाका साथ ३३३ दिनसम्म अनसन बस्नुभएको थियो । गंगामायाको स्वास्थ्य स्थिति अत्यन्त गम्भीर रहेको छ ।

“नन्दप्रसाद अधिकारीको निधन द्वन्द्वका क्रममा गम्भीर मानवअधिकार हनन्का पीडित र वहाँहरुका परिवारका सदस्यहरुले कसरी बिना न्याय संघर्ष गरिरहनुभएको छ भन्ने कुराको दुःखद उदाहरण हो । आफ्नो छोराको हत्याको छानबीन गरियोस् भन्ने वहाँको जायज माग हो र त्यस मागलाई पूरा गर्नु राज्यको दायित्व हो,” एम्नेस्टी इन्टरनेसनल नेपालका निर्देशक रामेश्वर नेपालले भन्नुभयो ।

“दरिला प्रमाणहरु दस्तावेजीकरण गरिएका र ठूलो संख्यामा रहेका द्वन्द्वकालका गम्भीर मानवअधिकार हनन्का घटनाहरुको तत्काल निष्पक्ष र स्वतन्त्र छानबीन गरिनु पर्दछ ।”

राज्यका अधिकारीहरुले द्वन्द्व पीडितहरुलाई सत्य निरुपण तथा मेलमिलाप आयोगको कुरा गरेर पन्छिने गरेका छन् । तर एकातिर उक्त आयोग गठनका लागि बनेको ऐन उपरको मुद्दा अहिले सर्वोच्च अदालतमा विचाराधीन अवस्थामा रहेको छ भने अर्कोतर्फ सो कानुनमा गम्भीर त्रुटीपूर्ण व्यवस्थाहरु रहेको कुरा एम्नेस्टी इन्टरनेसनल लगायतका संघसंस्थाहरुले यसअघि नै औंल्याइसकेका छन् । सो ऐनले अन्तर्राष्ट्रिय कानुनले अपराध भनी ठहर गरेका घटनाहरुमा समेत माफी दिन सक्ने प्रावधानहरु व्यवस्था गरेको छ जसका कारण सो ऐनले पीडितहरुलाई पूर्ण र प्रभावकारी परिपूरण उपलब्ध गराउनु पर्ने राज्यको दायित्व सम्बन्धी मापदण्ड पूरा गर्दैन ।